राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/०४/३० गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/०४/२८ गते

प्रस्तावहरुः

१. हाल सम्मका कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा।

२. दररेट सम्बन्धमा।

३. विविध।

निर्णय हुनु पर्ने व्यहोराः

१. यस अघि बसेको कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्नुपर्ने।

२. राजपुर गाउँपालिकामा आ.व. २०८२/०८३ को लागि तपसिल बमोजिम हुने गरी दररेट स्वीकृत गर्नुपर्ने।

तपसिलः

१) यस गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि दाङ जिल्लाको स्वीकृत जिल्ला दररेट लागु गर्ने ।

२) यान्त्रिक उपकरण भाडाको हकमा सडक बिभाग (यान्त्रिक कार्यालय दाङ) ले निर्धारण गरेको भाडादर लागु गर्ने ।

३) यस गाउँपालिकाको दररेटमा समावेश नभएको सामग्रीको हकमा छिमेकी जिल्ला दररेटमा ढुवानी थप गरी दररेट कायम गर्ने ।

४) झोलुंगे पुलको स्टिल पार्ट्सहरुको हकमा स्थानीय पूर्वाधार निर्देशनालयले कायम गरेको दररेट अनुसार कायम गर्ने ।

५) यसमा उल्लेख नभएका निर्माण तथा खरिदसँग सम्बन्धित अन्य आवश्यक सामग्री तथा अन्य कार्यहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गर्ने ।

३. अन्य निर्णयहरु

निर्णयहरुः

१. यस अघि बसेका कार्यपालिका बैठकले गरेका निर्णयको कार्यान्वयन प्रगतिबारे समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक नै भएको र थप प्रगतिका लागि जनप्रतिनिधि तथा कर्मचारीहरु सबैले थप क्रियाशिलता अपनाउने।

२. राजपुर गाउँपालिकामा आ.व. २०८२/०८३ को लागि तपसिल बमोजिम हुने गरी दररेट स्वीकृत गर्ने ।

तपसिलः

क) यस गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि दाङ जिल्लाको स्वीकृत जिल्ला दररेट लागु गर्ने ।

ख) यान्त्रिक उपकरण भाडाको हकमा सडक बिभाग (यान्त्रिक कार्यालय दाङ) ले निर्धारण गरेको भाडादर लागु गर्ने ।

ग) यस गाउँपालिकाको दररेटमा समावेश नभएको सामग्रीको हकमा छिमेकी जिल्ला दररेटमा ढुवानी थप गरी दररेट कायम गर्ने ।

घ) झोलुंगे पुलको स्टिल पाट्र्सहरुको हकमा स्थानीय पूर्वाधार निर्देशनालयले कायम गरेको दररेट अनुसार कायम गर्ने ।

ङ) यसमा उल्लेख नभएका निर्माण तथा खरिदसँग सम्बन्धित अन्य आवश्यक सामग्री तथा अन्य कार्यहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गर्ने ।

३. यस गाउँपालिकामा करारमा कार्यरत हलुका सवारी चालक बुद्धि विकास चौधरीले मिति २०८२ श्रावण २० गतेदेखि जागिर छाडी गएकाले यस गाउँपालिकाको अध्यक्षले प्रयोग गर्ने यस कार्यालयको रा.१.झ. १९४ नम्बरको सवारी संचालन गर्न अत्यावश्यक भएकाले अर्को व्यवस्था नहुँदासम्मको लागि तत्काल राजपुर गाउँपालिका वडा नं. २ बस्ने प्रदिप कुमाल (सवारी चालक अनुमति पत्र नं. ०२-१२-०१४६२०३३)लाई मिति २०८२ श्रावण २१ गते देखि लागुहुने गरि ज्यालादारीमा हलुका सवारी चालकका रुपमा दैनिक रु ९२०/- का दरले ज्यालादारीमा काममा लगाउने ।